**Nepalese Culture**
**Vol. : 55-76, 2025**
**Central Department of NeHCA,**
**Tribhuvan University, Kathmandu, Nepal**
**DOI: https://doi.org/10.3126/nc.v18i1.78288**

# छोनाम (न्वाँगी) पर्वः चेपाङ समुदायको सांस्कृतिक प्रतीक

**अजय कुमार प्रजा (चेपाङ)**

**Received Date: Dec 08, 2024**
**Accepted Date: April 05, 2025**

## लेखसार

छोनाम (न्वाँगी) चेपाङ समुदायले मनाउने मुख्य पर्व हो । यसलाई स्थानीयले न्वाँगी फलाक्ने भनेर सम्बोधन गर्दछन् । चेपाङ समुदायको सांस्कृतिक पर्वहरूमा पान्दे (चेपाङ झाँक्री/पुजारी) को मुख्य भूमिका हुने गर्दछ । नेपालमा बसोबास गर्ने चेपाङ समुदायले प्रत्येक वर्ष भाद्र महिनामा मूल पान्देद्वारा छोनाम (न्वाँगी) पर्व फलाक्ने गर्दछन् । चेपाङ जाति/समुदायको बारेमा अग्रज विद्वान्ले अनुसन्धान गरेको भेटिन्छ । यो समुदायको बारेमा प्राप्त पूर्व साहित्यको समीक्षाले नेपालमा बसोबास गर्ने अरू जाति/समुदायले चाडको रूपमा मनाउने नयाँ अन्नबाली भित्र्याइसकेपछि प्रकृति, कूलपितृ, देवीदेवता तथा ब्राम्हणलाई पहिले चढाएर आफू खाने परम्परालाई न्वाँगी वा नयाँ खाने भने जस्तै चेपाङ समुदायको प्रमुख पाखे अन्नबाली भित्र्याइसकेपछि एकपाखे ढ्याङ्ग्रो पान्देद्वारा फलाक्दै नयाँ खाद्यबालीलाई पहिले प्रकृति, पूर्खा र देवीदेवतालाई चढाएर आफू खाने परम्परालाई चेपाङहरूले छोनाम (न्वाँगी) फलाक्ने भन्दछन् भन्ने सन्दर्भहरू समावेश गरिएको भेटिन्छ । यो पर्व चेपाङ समुदायको ऐतिहासिक, सामाजिक, धार्मिक, सांस्कृतिक तथा परम्परागत मुल्यमान्यताका आधारमा संस्कृति हस्तान्तरण, पुस्तान्तरण र प्रदर्शन गर्ने अवसर भएको, सांस्कृतिक प्रतीक जसको विविध पक्ष, अर्थ तथा सैद्धान्तिक आधारको सम्बन्धमा भने अनुसन्धान गरिएको पाइँदैन । यसकारण चेपाङ समुदायको मुख्य पर्व छोनाम (न्वाँगी) को सन्दर्भमा देखिएका अनुसन्धानका रिक्ततालाई खोजी गर्ने उद्देश्य राखी यो अनुसन्धान कार्य प्रारम्भ गरिएको हो । छोनाम (न्वाँगी) पर्वको अनुसन्धानलाई समुदायको निर्माणवादी/रचनावादी दृष्टिकोणमा आधारित प्रतीकात्मक सिद्वान्त अनुरूप गुणात्मक अनुसन्धान विधि अवलम्बन गरी सोही विधि अनुसारको प्राथमिक र द्वितीय स्रोतहरूको उपयोगमा तथ्यहरूलाई अन्वेषण, अवलोकन, छलफल तथा विश्लेषण गरी निष्कर्षमा पुग्ने प्रयास गरिएको छ । यस शोधबाट चेपाङ समुदायको छोनाम (न्वाँगी) पर्व एक बार्षिक रूपमा नयाँ अन्नलाई पहिले पितृलाई चढाएर मात्र आफू खाने चाडमात्र नभएर चेपाङ समुदायको प्रतीकको रूपमा प्रकृति, पूर्खा र जीवनशैलीलाई जोड्ने मुख्य सांस्कृतिक पर्व भएको तथ्यलाई प्रकाशमा ल्याएको छ ।

सूत्रशब्द : छोनाम, पान्दे, प्रकृति, पुर्खा, प्रतीक ।

## विषय परिचय

छोनाम (न्वाँगी) पर्व चेपाङ समुदायको सांस्कृतिक प्रतीकको रूपमा मनाउने प्रमुख चाड हो । यसलाई स्थानीयहरूले न्वाँगी फलाक्ने भनेर सम्बोधन गर्दछन् । यस अनुसन्धानमा छोनाम (न्वाँगी) पर्व समुदायको सांस्कृतिक प्रतीक भएको सन्दर्भमा विवेचना गर्ने प्रयास गरिएको छ । यो पर्व नेपालको ३२ जिल्ला बसोबास रहेका कूल जनसंख्यामा ८४ हजार ३ सय ६४ अर्थात ०.२९ प्रतिशत (के.त.वि. वि.सं. २०७८) हिस्सा ओगटेको समुदायले मनाउने मुख्य चाड हो । चेपाङ समुदायले मनाउने सांस्कृतिक पर्वहरूमा छोनाम (न्वाँगी), तोङकोलोङ (कूल पूजा), नामरूङ (आइतबारे पूजा), भूयाँर (सिमेभूमे पूजा), सिकारी पूजा, प्रकृति पूजा साथमा साउने र माघे संक्रान्ति पर्दछन् (पाण्डेय, वि.सं. २०६३ पृ. १७) ।

नेपालमा बसोबास रहेको चेपाङहरूको मूल थर समुह २२ वटा (बाइस नाल) भएको बाखम (छोनाम फलाक्ने तान्त्रिक विधि) मा उल्लेख हुन्छ । जीवनयापनको सिलसिलामा स्थान तथा पारिवारिक सम्बन्धका कारण उपथरहरू निर्माण भएको पाइन्छ । यसरी उपथरहरू निर्माणमा विशेषतः स्थान र उत्पत्तिको आधारमा बनेको ५३ थर, व्यवसायको आधारमा बनेका ७ थर, वैवाहिक आधारमा बनेका ५ थर, कामकाजको आधारमा बनेको ५ थर र अन्य आधारमा बनेका ४ थर समेत जम्मा ७४ थर समूह रहेका छन् (चेपाङ साथीहरू, २०७६) । उनीहरूले स्थान विशेषमा भिन्न-भिन्न थर समूहले कुनै एक पर्व मात्र मान्ने चलन भएता पनि छोनाम (न्वाँगी) भने सबै थर समूहले मनाउने प्रमुख चाड हो । नेपालमा बसोबास गर्ने चेपाङ समुदायको छोनाम पर्वको अनुसन्धान कार्यलाई उनीहरूको सघन बसोबास रहेको धादिङ जिल्लाको गजुरी गाउँपालिका अन्तरर्गतका स्थलहरूमा गैरीगाउँ, चिउरीखर्क, दरिङ्गाल, स्यााङ्माइडाँडा, तारबोटे मुख्य रहेका छन् भने गोरखा जिल्ला अन्तर्गत गण्डकी गाउँपालिकालाई पनि अनुसन्धान क्षेत्रमा समावेश गरिएको छ । ती स्थानहरू चेपाङ समुदायको प्राचीनकालदेखि नै बसोबास रहेको, उत्पत्तिसँग जोडिएका स्थान विशेष नामाकरण भएको र छोनाम पर्वको सांस्कृतिक पक्षसँग परिचित नाल (थर समूह) हरूको बाहुल्य रहेको स्थल मानिन्छ । यस स्थानहरूमा यो समुदायले परम्परागत रूपमा सांस्कृतिक छोनामको सांस्कृतिक कार्यहरू गर्दै र पुज्दै आएका छन् । चेपाङहरूले छोनाम पर्वलाई पाखाबाली भित्र्याई सकेपछि भाद्र महिनामा पान्देद्वारा एकपाखे ढ्यांग्रो फलाकेर पुकुन्थली र सुनाथलीलाई आफ्नो उद्‌गमस्थलको प्रतीक भएको बिम्बमा स्थापित गरी पूज्ने र वर्षभरिमा उत्पादन भएका नयाँ अन्नबाली तथा फलफूललाई पहिले पितृलाई चढाएर मात्र आफू खाने पर्व हो (गुरुङ, सन् १९९५ पृ. ४४ र ढुंङगेल, वि.सं. २०५१ पृ. ७३) ।

छोनाम (न्वाँगी) पर्व पाँच दिवसीय उत्सव हो । यसका पाँचै दिनमा विशेष प्रकारका सांस्कृतिक कार्य हुन्छन् । यो पर्वको मनाउने बारेमा हरेक वर्षको भाद्र महिना अगावै पान्दे र कूलघरका मूलीको रोहबरमा तिथिमिति तय गरिएको हुन्छ । यसरी कूल परिवार र मूल पान्देको अनुकुलमा तय गरिएको समयमा पर्व सन्पन्न गर्ने गरिन्छ (सानोकान्छा चेपाङ, ५ भाद्र २०८१) । चेपाङ समुदायको प्रमुख सांस्कृतिक पर्वका रूपमा रहेको यस चाडले समुदायको सांस्कृतिक पहिचान स्थापित गरेको देखिन्छ । चेपाङ समुदायमा भौतिक सम्पदाको तुलतामा अभौतिक सम्पदाहरू बहुल छन् । वर्तमान परिवेशमा ऐतिहासिक, धार्मिक र सांस्कृतिक रूपमा विद्यमान अभौतिक सम्पदाहरूले यो जातिको पहिचान झल्काएको पाइन्छ । चेपाङहरूमा उत्पत्तिदेखि अविछिन्न रूपमा ऐतिहासिक महत्त्व, धार्मिक परम्परा तथा संस्कृतिको प्रतीकको रूपमा छोनाम पर्वका अनुष्ठानहरू हस्तान्तरण/पुस्तान्तरण

र प्रदर्शन हुँदै आएको पाइन्छ । यो पर्व सम्पन्न गर्नको लागि पान्दे, कूलपरिवार तथा अन्य छिमेकी सदस्यहरूले आ-आफ्नो भूमिका निर्वाह गर्ने गर्दछन् । यस कार्यका लागि विभिन्न सामाजिक इकाईहरू निर्माण हुन्छन् जसले महत्त्वपूर्ण जिम्मेवारी बहन गर्दछन् । यस अवसरमा मूल पान्दे (पूजारी) द्वारा तान्त्रिक विधिबाट अनुष्ठान सम्पन्न गर्दै नवपान्देहरूको प्रवेश गराउने तथा तान्त्रिक र सांस्कृतिक विधाहरू हस्तान्तरण गर्ने प्रमुख कार्य साथमा प्रदर्शन गर्ने कार्य पनि यस पर्वमा हुने गर्दछ । समुदायको ईतिहास, संस्कृति, धार्मिक तथा परम्परागत मूल्यमान्यताका आधारमा प्रकृति, पुर्खा र जीवनशैली जोड्ने माध्यम भएको सन्दर्भ पान्देद्वारा अवगत गराउने गर्दछ (कृष्णबहादुर चेपाङ, ३ भाद्र वि.सं. २०८१) ।

चेपाङहरूको प्रमुख चाड छोनाम (न्वाँगी) भएको सम्बन्धमा अग्रज विद्वान्हरू राममणि ढुंगेल, गणेशमान गुरुङ, Diana Riboli, उद्धव राई, मधुसूदन पाण्डेय, ठगिनकुमार राई लगायतका विद्वान्हरूले अध्ययन गरेको पाइन्छ । चेपाङ समुदायमा यो पर्व ऐतिहासिक, सांस्कृतिक र धार्मिक रूपमा महत्त्व रहेको सन्दर्भहरू समेत उल्लेख गरिएको पाइन्छ । साथमा नयाँ पाखे अन्नबाली भित्र्याइसकेपछि पहिले पितृलाई चढाएर मात्र आफू खाने परम्परामा छोनाम फलाक्छन् भनी उल्लेख गरिएकोले साथमा रातभरि फलाकेर विहान पशुपंक्षी बलि चढाएर नयाँ अन्नबाली पितृलाई चढाई आफू खाने चाडको रूपमा छोनाम (न्वाँगी) फलाक्ने गर्दछन् भन्ने बुझाइको अनुसन्धानले मात्र यो समुदायको मुख्य छोनाम पर्वको महत्त्वप्रति पूर्ण न्याय भएको मान्न सकिदैन भने पर्वको सांस्कृतिक महत्त्व तथा सांस्कृतिक प्रतीकको रूपमा रहेको पक्षहरूको पुष्टि भएको पनि पूर्ण रूपले भेटाउन सकिएको छैन ।

छोनाम पर्वले चेपाङ समुदायको ऐतिहासिक, सामाजिक, सांस्कृतिक तथा धार्मिक मुल्यमान्यताका आधारमा संस्कृतिका प्रतीकात्मक बिम्बहरूले प्रकृति, पूर्खा र जीवनशैली बीचको अन्तरसम्बन्ध रहेको विश्वास पान्देद्वारा फलाकेर देखाउने र त्यसलाई अभिछिन्न रूपमा संचालन गर्न नवपान्देहरू प्रवेश गराउने जस्ता महत्त्वपूर्ण कार्यहरूको सन्दर्भमा विस्तृत विश्लेषण भएको पाइँदैन । यसरी मूल पान्दे र नवपान्देहरूद्वारा संस्कृतिका विविध पक्षहरूलाई हस्तान्तरण/ पुस्तान्तरण र प्रदर्शन गर्ने र गराउने प्रचलन रहेको सत्यतालाई परीक्षण गरिएको देखिँदैन । साथै सांस्कृतिक कार्यहरूको प्रतीकको रूपमा छोनाम पर्व रहेको सम्बन्धमा विवेचना र विश्लेषण गरेको पाइँदैन । यो समुदायको सांस्कृतिक पर्व छोनामको विविध पक्षहरू, यसमा सामेल गरिने सामाग्रीहरूको प्रतीकात्मक बिम्ब, सामाजिक, साँस्कृतिक तथा धार्मिक मूल्यमान्यता र विश्वासको आधार तथा यस पर्वलाई प्रदर्शन गर्ने सन्दर्भमा उब्जिएका जिज्ञासाहरूमा खोज अनुत्तरित नै देखिन्छ । यसकारण चेपाङ समुदायको मुख्य चाड छोनाम (न्वाँगी) को ऐतिहासिक, सांस्कृतिक तथा धार्मिक महत्त्व राख्ने विविध पक्षहरूमा उब्जिएका जिज्ञासाहरूमा अध्ययन समस्या देखिएकोले ती अनुत्तरित जिज्ञासालाई प्रश्नको रूपमा स्थापित गरी तथ्यको आधारमा सत्यको खोजी कार्यको प्रारम्भ गरिएको छ । यस अनुसन्धानमा देखिएका जिज्ञासाहरू प्रश्नका रूपमा यस प्रकार रहेका छन् । जसमाः चेपाङ समुदायको छोनाम पर्वको संस्कृतिक पक्षहरू के के रहेका छन् ? यस पर्वमा प्रयुक्त बिम्ब वा समूह को सांस्कृतिक महत्त्व किन रहेको छ ? र छोनाम (न्वाँगी) पर्वले संस्कृतिलाई कसरी हस्तान्तरण र प्रदर्शन गर्दछ ? भन्ने विषयमा केन्द्रित भई अनुसन्धान अघि बढाइएको हो ।

## अध्ययन विधि

नेपालमा बसोबास रहेका अतिसीमान्तकृत चेपाङ समुदायमा मुख्य सांस्कृति पर्वको रूपमा रहेको छोनाम (न्वाँगी) चाडको सांस्कृतिक प्रतीकको स्थापित संस्कारगत पक्षहरू, प्रतीकात्मक बिम्बको महत्त्व र संस्कृति हस्तान्तरण तथा प्रदर्शनको सम्बन्धमा यो अध्ययन विशेष रूपले केन्द्रित रहेको छ। छोनाम (न्वाँगी) पर्व चेपाङहरूको मुख्य अभौतिक सांसकृतिक सम्पदा निर्माणवादी सिद्वान्तको आधारमा स्थापित भई अभिछिन्न रूपमा पुज्दै/मान्दै आएको मुख्य चाड हो । यसको परम्परागत संस्कारको अध्ययन भएकोले यो अध्ययन पूर्णरूपमा गुणात्मक प्रकृतिको सांस्कृतिक अध्ययन हो । यस अध्ययन गुणात्मक भएकोले सोही प्रकृतिको तथ्यहरू र अनुसन्धान पद्वतिहरू अवलम्बन गरिएको छ। यस अध्ययनलाई प्रतीकात्मकतावादी सिद्वान्तकार Victor Turner र Clifford Geertz को Symbolic and Intrerpretitive सिद्वान्तका आधारमा अध्ययन गरी विश्लेषण गरिएको छ।

चेपाङ समुदायको सांस्कृतिक पर्व छोनाम (न्वाँगी) को सांस्कृतिक पक्षहरूको विवेचना, प्रयुक्त प्रतीक वा बिम्बहरूको महत्त्व र संस्कृति हस्तान्तरण/पुस्तान्तरण तथा प्रदर्शन गर्ने प्रक्रियाको बारेमा विश्लेषण गरिएको छ । अनुसन्धानका प्राथमिक श्रोतको रूपमा अवलोकन, अन्तर्वार्ता विधिबाट अधिकांश तथ्यहरू सङ्कलन गरिएको छ । प्राथमिक श्रोतको रूपमा वि.सं.२०८१ साल भादै १ देखि ७ गतेसम्म गजुरी ४, चिउरीखर्क, धादिङमा र वि.सं. २०८१ भाद्र १९ देखि २३ गतेसम्म गण्डकी गा.पा. तोमनडाँडा, गोरखामा प्रत्यक्ष अवलोकन र अन्तर्वार्ता मार्फत तथ्यहरू सङ्कलन गरिएका छन्। पर्वका विविध सांस्कृतिक पक्षहरू, प्रतीकको रूपमा प्रयुक्त बिम्बहरू र त्यसको महत्त्व तथा संस्कृति हस्तान्तरण र प्रदर्शनका विधिहरूको तथ्यहरू अवलोकन विधिबाट सङ्कलन गरिएको छ । छोनाम पर्वको संस्कारगत कार्यमा संलग्न कूलपरिवारको मूली, मूल पान्दे (झाँक्री) र यस पर्वका जानकार स्थानीय अगुवाहरू तथा पर्वमा सहभागी समेत जम्मा ८ जना सूचनादातासँग पर्वको सन्दर्भमा विषयगत खुल्ला प्रश्नहरूको अन्तर्वार्ता गरिएको छ। अर्को द्वितीय श्रोतको तथ्याङ्क सङ्कलन गर्नको लागि पूर्व प्रकाशित पुस्तकहरू, लेखरचनाहरू, सरकारी तथा गैरसरकारी कागजात तथा इन्टनेटमार्फत उपलब्ध हुने विभिन्न आधिकारिक सामाग्रीहरू छन् । यसरी प्राथमिक र द्वितीय श्रोतबाट प्राप्त तथ्यहरूलाई सत्यता परिक्षण, सम्पादन र विश्लेषण गरिएको छ। यस शोधको छलफलमा अनुसन्धान गर्न खोजिएको विषयवस्तुमा आधारित सवालहरूको जवाफ सत्यमा आधारित तथ्यहरू प्राप्त भए वा नभएको परिक्षण गर्ने कार्य भएको छ। द्वितीय स्रोतबाट तथ्याङ्क सङ्कलनमा प्रकाशित पुस्तकहरू, जर्नलहरू, विभिन्न ग्रन्थहरू, अनुसन्धानात्मक लेखरचनाहरूबाट प्राप्त भएका तथ्याङ्कहरूलाई व्यवस्थित रूपमा छलफल तथा विश्लेषण गरी विश्वासयोग्य तथ्यहरूको आधारमा निष्कर्ष निर्माण गरिएको छ।

## अध्ययनको मुख्य प्राप्ति

छोनाम (न्वाँगी) पर्वको ऐतिहासिक, सांस्कृतिक र धार्मिक परम्पराको मूल्यमान्यता र प्रतीकात्मक बिम्ब र त्यसको महत्त्वको बारेमा अनुसन्धान गरिएको छ। चेपाङ समुदायको सांस्कृतिक पर्व छोनाम संस्कृतिक पक्षहरू, प्रतीकात्मक बिम्बको महत्त्व र संस्कृति हस्तान्तण र प्रदर्शनको सन्दर्भमा सत्यमा आधारित तथ्यहरूलाई खोजमार्फत अन्वेषण, परिक्षण र विश्लेषण गरी यस शोधमा प्रस्तुत गरिएको छ।

## छोनाम (न्वाँगी) पर्व

नेपालमा बसोबास रहेको अतिसीमान्तकृत आदिवासी जनजाति मध्ये चेपाङ एक हो । यो समुदायले मनाउने छोनाम (न्वाँगी) पर्वलाई न्वाँगी फलाक्ने भनेर स्थानीयस्तरमा सम्बोधन गर्ने गरिन्छ । न्वाँगी खाने वा नयाँ अन्न पहिले पितृलाई चढाएर आफू खाने चलन अरू जाति समुदायमा पनि रहेको पाइन्छ तर चेपाङ समुदायमा फलाकिने न्वाँगी पर्व अलि फरक र विशेष हुने गर्दछ । छोनामलाई चेपाङ भाषामा न्वाँगी भनिन्छ । छोनामको उत्पत्ति उच्चारण 'छौनाम' हो जसमा 'छौ' र 'नाम' को समासबाट बनेको छ जसको शाब्दिक अर्थ 'बोसिलो/तेलिलो बास्ना' भन्ने हुन्छ । जसमा 'छौ' को अर्थ 'बोसिलो/तेलिलो' र 'नाम' को अर्थ 'बास्नादार' हुने हुँदा समग्र पर्वमा छोनाम पर्व फूलफुलाङ्गी र नयाँ अन्नबालीको बोसिलो/तेलिलो बास्नादार परिवेषमा एकपाखे ढ्याङ्ग्रो फलाक्दै मनाउने पर्व हो । 'छौनाम' उत्पत्तिको शब्द भएता पनि उच्चारणमा छोनाम भनेर बुझ्ने गरिएको छ (डम्बरबहादुर चेपाङ र रवीन्द्र चेपाङ, व्यक्तिगत अन्तवार्ता, १४ असोज २०८१) ।

यो पर्वमा भातीजाँड, केरा, बुकी फूलपाती, नयाँ अन्नबाली घरमा भित्र्याई चिउरीको घ्यूमा दियोबत्ती बाली घरको अगेनामा आगोको ठूलो खरङ बाली पान्देद्वारा ढ्याङ्ग्रो फलाकिन्छ । यस पर्वमा गरिने सांस्कृतिक पक्षहरू अझ रोचक र बिम्बात्मक रहेको हुन्छ जुन पान्देद्वारा फलाक्दै वर्णन गर्ने गर्दछन् । नेपालमा अरू जाति समुदायले पनि न्वाँगी खाने भनेर यस प्रकारको चाड खाद्यबाली भित्र्याइ सकेपछि (विशेष गरी मंसिर महिनामा) मनाउने चलन पाइन्छ तर चेपाङ समुदायमा विशेष हुनुको प्रमुख कारण के रहेका छन् । यो समुदायको सांस्कृतिक पहिचान संरक्षण, सम्वर्द्धन र हस्तान्तरणमा पर्वको भुमिका कस्तो रहेको छ भन्ने सवालमा विभिन्न ससयमा भिन्न-भिन्न विद्वान्हरूले मत प्रकट गरेको पाइन्छ । ती विद्वान्हरूमध्ये केहीको मतलाई यहाँ प्रस्तुत् गरिएको छ । जसमाः- छोनाम (न्वाँगी) पर्व चेपाङ समुदायको मुख्य सांस्कृतिक चाड हो । चेपाङ जातिको यो पर्व भाद्र महिनाको औंसीमा अन्नबाली भित्र्याउने समयमा मनाउने गर्दछन् (कोली, २०७५, पृ. १६८) । छोनाम चेपाङ समुदायले भाद्र महिनामा मनाउने मुख्य पर्वमा विशेष सामाग्रीको साथमा नयाँ अन्नबाली र पंक्षी बलि चढाएर मात्र आफू खाने गर्दछन् । उनीहरूले यस पर्वलाई जीवन र जगत वीचको माध्यम भएको विश्वास गर्दछन् (गुरुङ, सन् १९९५ पृ. ७३) ।

छोनाम (न्वाँगी) पर्व नेपाली समाजमा रहेको अरू जाति समुदायले मनाउने न्वाँगी जस्तै नयाँ अन्नबाली भित्र्याइसकेपछि नयाँ खाने वा न्वाँगी खाने प्रचलनलाई चेपाङ समुदायले छोनाम भनेर मान्ने गर्दछन् । पर्वमा कूलपूजा सहित पान्देले तान्त्रिक विधिद्वारा रातभरि ढ्याङ्ग्रो फलाकेर परम्परागत विधि सम्पन्न गरिसकेपछि अव उप्रान्त आफू खान पितृको तर्फबाट बाचा फुकेको विश्वास गरिन्छ (ढुंगेल, २०५१ पृ. ७३) । चेपाङ समुदायमा विद्यमान संस्कार संस्कृतिमा स्वर्ग र संसारको यात्रा गर्न सक्ने आधारमा पान्दे र झाँक्री विचको भिन्नतालाई पहिचान गर्ने प्रयास गरिएको देखिन्छ भने यो समुदायमा रहेका विभिन्न सांस्कृतिक पर्वहरूमा छोनाम र नामरूङ विशेष प्रकारका पर्व भएको पुष्टि गरेको पाइन्छ । यस समुदायको विशेष पर्वको बारेमा संस्कारगत जानकारी दिंदै बिरामीको उपचारमा पान्दे र झाँक्रीको शक्तिले जनावरहरूको बलि चढाई विशेक पारेको विभिन्न सन्दर्भहरूको विश्लेषण गरिएको छ । यसले तान्त्रिक शक्तिमा विश्वास गर्ने यो समुदायमा पान्देको प्रमुख भूमिका हुने र छोनाममा यस प्रकारका कार्यहरू अरू बेलाको तुलनामा विशेष हुने गरेको उल्लेख छ (Riboli, सन् २०००) ।

चेपाङ जातिको छोनाम पर्व पनि अरू जातिले मनाउँदै आएका चाडपर्व जस्तै हो जसलाई न्वाँगी भनिन्छ । यो घैयाधान पाकेपछि भदौ महिनामा कूलभित्रकै पान्देद्वारा कुखुराको भाले बलि दिदै कूलदेवता तथा देवीदेवता र पितृलाई चढाएपछि मात्र आफू खानुपर्ने मान्यता रहेको छ । न्वाँगी मनाउन उनीहरूको घरभित्रको पान्दे भन्ने धामी नै चाहिन्छ । पान्दे तालिम लिएका र सपनामा देवताले मन्त्र दिएका गरी २ थरीका हुन्छन् । सपनामा देवताबाट मन्त्र पाएकाले तालिम लिनु पर्दैन (पाण्डेय, २०६३ पृ. १७-१९) । छोनाम (न्वाँगी) पर्वको सम्बन्धमा अघिल्ला अनुसन्धानकर्ताहरूको निष्कर्षसँग यस शोधकर्ताको पनि भनाइहरू मिल्दाजुल्दा नै पाइन्छ । जसमा छोनाम पर्व वर्षभरिको नयाँ अन्नबालीलाई पहिले पितृलाई चढाएर आफू खाने परम्परा भएकोले अरू चाडको तुलनामा विशेष हुने गर्दछ भने यस पर्वको लागि आवश्यक विशेष सामाग्रीसहित पान्देले तान्त्रिक विधिबाट सम्पूर्ण पितृहरूलाई फलाक्दै बोलाई आयु हुनेलाई राम्रोसँग बाँच्न देऊ, नहुनेलाई आयु बढाइदेऊ भनी सबैलाई नयाँ अन्नको टीका लगाइसकेपछि नयाँ अनाज ग्रहण गर्ने कूलकुटुम्ब तथा इष्टमित्रहरूलाई सामूहिक रूपमा भोज खुवाउने गर्दछन् । साथै नयाँ पान्देको पनि सम्भावना भए घोषणा गर्ने गर्दछन् (राई, वि.सं. २०७५, पृ. ५०-५२) । यसरी चेपाङ समुदायमा जंगली जीवनयापनसँगै विकास भएको परम्परागत चाडको रूपमा यो पर्व मनाउँदै आएको पाइन्छ । चेपाङ कूल समूहमा विभिन्न थर समूहहरू हुन्छन् । ती थर समूहमा कतिपयले कूलपूजा सहितको पर्व (पशुपंक्षी बलि चढाएर) गर्छन त कतिपय थरहरूले नयाँ अन्नबाली मात्र चढाएर छोनाम (न्वाँगी) फलाक्ने परम्परा रहेको छ ।

## छोनाम पर्वका परम्परागत इकाई

चेपाङ समुदायभित्र २२ नाल (थर समूह) को कूल परम्परा रहेता पनि विविध सामाजिक, सांस्कृतिक धार्मिक, आर्थिक तथा जीवनशैलीका कारणले गर्दा चेपाङहरूमा ७४ उप-थर समूह हरू रहेका छन् (चेपाङ साथीहरू, २०७६) । चेपाङका सबै थर समूहले छोनाम मनाउने गर्दछन् तर थर समूह  विशेष पर्व मनाउँदा प्रयोग गरिने सांकृतिक प्रतीकहरूमा केही भिन्नता रहेको देखिन्छ । यसरी विभिन्न थरसमूहले मनाउने पर्वमा अनौपचारिक रूपमा स्थापित परम्परागत इकाईहरू पनि भिन्न हुने गर्नछन् । उदाहरणको रूपमा कूलपूजा (पशु बलिसहितको) छोनाम पर्व मनाउने ब्रोसो, साउने र रोम थरका कूलपूजा समूहमा छुट्टै इकाई हुन्छ भने भार, बाङ्राङे थर समूहको छोनाममा कूलपूजा समूह हुँदैन । किनभने यो समूहले कूलपूजा यस बखत नगरी उनीहरूको परम्परा अनुसार अरू नै समयमा गर्ने गर्दछन् । यस्तै अरू केही थर समूहले पनि अर्को समयमा कूलपूजा गर्ने प्रचलन रहेको छ तर छोनाम भने फलाक्छन् । समग्रमा छोनाम पर्व मनाउने क्रममा विभिन्न सांस्कृति ईकाइहरू निर्माण गरिएको हुन्छन् जसमा डाँग्रे समूह (जसले पान्देहरूलाई लिन जाने, हेरचाह गर्ने अनि पर्व सम्पन्न पश्चात घरसम्म पुऱ्याउन जाने गर्दछ), कूल समूह (कूल पूजामा सामेल हुनु पर्ने कूलखरानको सदस्य), दाउरा व्यवस्थापन समूह (छोनाममा रातभरि आगोको खरङमा पान्देले फलाक्ने हुँदा प्रशस्त खाउरा तथा आवश्यक सामाग्रीहरू सङ्कलन गर्ने), पाहुना सत्कार समूह (पर्वको अवसरमा चेलीबेटी तथा न्वाँगी अवलोकन गर्न आउने पाहुनालाई स्वागत गर्ने र सबैलाई चोखोमुख अर्थात केही नखुवाई पठाउन हुन्न भन्ने मान्यता अनुरूप खानपिनको व्यवस्था गर्ने), सांस्कृतिक समूह (पर्वको रातमा निदाउन हुन्न भन्ने मान्यता रहेको छ यसकारण उपस्थित सबै जागराम बस्ने सिलसिलामा विभिन्न पहिचानयुक्त सांस्कृतिक गीत, संगीत, उखानटुक्का तथा कथाहरू बाचन गर्ने साथमा नव युवा युवतीबिचमा मायाप्रितिका गीतसंगीत हुने गर्दछ), खर्च काटाउने समूह (पान्देद्वारा उपचार गरी रहेको बिरामीलाई निको पारी उसको नाममा पशुपंक्षी बलि दिने कार्य जसलाई

खर्च काट्ने भनिन्छ) पर्वमा तयार गरिएका सांस्कृतिक ईकाईहरू हुन् जसले पर्व सम्पन्न गर्न र प्रतीकात्मक बिम्बहरू प्रस्तुत् गर्न महत्त्वपूर्ण भूमिका निर्वाह गरेको देखिन्छ (व्यक्तिगत अवलोकन, वि.सं. २०८१ भाद्र १, २, ३, ४, ५ र ६) ।

## छोनाम पाँच दिवसीय पर्व

छोनाम (न्वाँगी) पाँच दिनसम्म चल्ने पर्व हो । चेपाङ समुदायले प्रत्येक वर्षको भाद्र महिनाको कुन दिन गर्ने भन्ने तिथिमिति छोनाम फलाक्ने कूल समूह र मूल पान्देको आपसी समन्वयमा तिथिमिति निर्धारण गर्दछन् । यो समुदायका हरेक कूल समूहमा छोनामको संस्कारलाई अवलम्बन गर्ने परम्परा रहेको छ (काजीमान चेपाङ, ४ भाद्र २०८१) । चेपाङ समुदायको यस पर्वमा अपनाइने सांस्कृतिक गतिविधिहरूलाई यसप्रकार प्रस्तुत गरिएको छ ।

## छोनाम (न्वाँगी) को पहिलो दिन

छोनाम पर्वको सुरूवाती दिनको रूपमा केरा सुनाउने गरिन्छ । यस दिनबाट छोनाम पर्वको सूरू भएको मानिन्छ । जसमा पान्दे र कूल समूहको मूलीको समन्वयमा निर्धारण गरिएको तिथिमा यो कार्य हुन्छ । यो दिन पान्देको उपस्थितिमा एक घरी केरा गवाउने र घैया चामल भातको भातीजाँड कूलथान भएको स्थानमा राखिन्छ । यस कार्यमा कूल समूहको घरमूली वा त्यस वंशको शुद्ध पुरुष व्यक्ति वा सदस्यबाट यो कार्य गर्न लगाइन्छ । यसलाई मूल घरको कूल बसाएको स्थान लिपपोत गरी चोखो वा पवित्र रूपमा राख्ने गरिन्छ । यसरी विधिपूर्वक तयार गरिएको सामाग्रीहरूलाई त्यही दिन बेलुका पान्देले कूल पितृलाई फलाकेर सुनाउने गर्दछन् । पान्देद्वारा यस वर्षका नयाँ अन्न खान शुरू गर्ने दिन आएको र पितृलाई निम्तो गरिएको संकेत दिने र छोनामको दिनसम्म धैर्य गरेर बस्न सुझाउन फलाक्ने गर्दछन् । छोनामको दिन स्वयम् कूल वंशबाट लिन आउने र सम्पूर्ण विधिविधान अनुरूप नयाँ खानेकुरा चढाउने छन् भन्ने निम्तो दिने कार्य गर्ने गर्दछन् । साथमा देवीदेवता र कूलपितृलाई थान-थानमा राखी पूजी थान-थानमै स्थानान्तरण गर्ने छ भनी पान्देद्वारा सुनाउने गर्दछन् । यस दिनबाट कूलघरका मूली उपासना (एकछाकी बस्ने) बसी सबै प्रकारका संस्कारहरू विधिपूर्वक गर्दछन् (प्रेमबहादुर चेपाङ, ५ भाद्र २०८१) ।

## छोनाम (न्वाँगी) को दोस्रो दिन

छोनाम (न्वाँगी) पर्वको दोस्रो दिन विशेष गरी पर्व सम्पन्न गर्नको लागि आवश्यकीय सामाग्रीहरू जोडजाम गर्नमा केन्द्रित हुने गर्दछ । यसको लागि कूल समूहका जेठापाकाको सहभागितामा विभिन्न कार्यहरूको जिम्मेवारी पुरा गर्नको लागि एक प्रकारको प्रशासनिक इकाईहरू निर्माण गरिएको हुन्छ । जस अनुसार कूल समूह र पान्दे समूहले ढ्याङ्ग्रो मोर्ने तथा फूलफुलाङ्गी सँगाल्ने, केरा गवाउने र भातीजाँड राख्ने, दाउरा सङ्कलन तथा खानपानमा सहयोग गर्ने समूहले दाउरा, पात, दुना, टपरी गाँस्ने कार्य गर्दछन् । पर्वको लागि अरू सांस्कृतिक समूह, सामुहिक भोज संचालन समूह जस्ता अनौपचारिक रूपको प्रशासनिक इकाई बनाउने कार्य यस दिन गरिन्छ । सो जिम्मेवारी अनुसारको कार्यहरू यसै दिनबाट सबै समूहले क्रमशः गर्ने गर्दछन् । यस

कार्यमा लाग्ने प्रशासनिक समूहलाई खानपान तथा आवश्यक व्यवस्थापन छोनाम (न्वाँगी) फलाक्ने कूल घरले गर्ने परम्परा रहेको छ (काजीमान चेपाङ, २ भाद्र २०८१) ।

### छोनाम (न्वांगी) को तेस्रो दिन

छोनामको तेस्रो दिन विशेष गरी पर्वमा नयाँ मोरेको एकपाखे ढ्याङ्ग्रो फलाक्नु पर्दछ भन्ने परम्परागत मान्यता रहेकोले सोही बमोजिम नयाँ ढ्याङ्ग्रो मोर्ने कार्य हुन्छ । जसमा आवश्यक छाला, बेत तथा मालाहरू: रूद्राक्ष, घण्टी लगायतका सामाग्रीहरूको जोहो गरी नयाँ स्वरूपमा तयार गर्दछन् । त्यो ढ्याङ्ग्रो कसले अथवा कुन पान्देले फलाक्ने हो उसैको नाममा सुनाउने गर्दछ । यसरी हरेक पान्देको आ-आफ्नो नयाँ मोरेको ढ्याङ्ग्रो तयार गरी तान्त्रिक विधिबाट फलाक्ने पान्दे (डांग्रे) तोकी फलाक्ने उसको नाममा नयाँ ढ्याङ्ग्रो रहेको भनी फलाक्दै जिम्मा लगाउने कार्य हुन्छ (प्रेमबहादुर चेपाङ, ३ भाद्र २०८१) ।

### छोनाम (न्वांगी) को चौथो दिन (यसै साँझबाट छोनाम फलाक्छन्) छोनामको मुख्य दिन

छोनाम (न्वांगी) पर्वको प्रमुख दिन भनेर चौथो दिनको बिहानदेखि पाँचौं दिनको बिहानसम्म (बिहानको मध्यान्नसम्म पनि लम्बिन सक्दछ) को समयलाई मानिन्छ । यस समयावधिमा गरिने सांस्कृतिक परम्पराका विविध संस्कारहरूलाई दिन र रातलाई तीन (चरण) प्रहर बनाई अनुष्ठानात्मक कार्यहरू सम्पन्न गर्ने गर्दछन् (व्यक्तिगत अवलोकन, ४ भाद्र २०८१) ।

### चौथो दिनको बिहान (पहिलो प्रहर)

छोनाम (न्वाँगी) पर्व सम्पन्न गर्ने चौथो दिन (न्वाँगी फलाक्ने दिन) बिहान (पहिलो प्रहरमा) कूल घरलाई सरसफाइका साथमा लिपपोत गरी सुनपानीले चोख्याउने कार्य तोकिएको प्रशासनिक ईकाई अर्थात भाइ समूह मार्फत गराइन्छ । विशेष गरी कूलथान र छोनाम फलाक्ने स्थानमा सर्वसाधारण अर्थात कूल समूहका सदस्यबाहेक अन्यलाई प्रवेश निषेध हुने हुँदा यस स्थानमा कूल समूहका सदस्यहरू मार्फत गर्नु पर्दछ । यसरी कूलथानलाई स्नान गराइसकेपछि कूलसमूह को घरमूली र मूल पान्देले एक छाकी (बिना आहार) बसी कपाल खौरिएर चोखो कपडा पहिरिएर देवीदेवता र कूलपितृलाई कूलथानमा आगमन गर्न तयार भएको जानकारी पान्देद्वारा जानकारी गराउने गर्दछ । यसो गरिसकेपछि बिहान (पहिलो प्रहर) को कार्य सम्पन्न भएको मानिन्छ (काजीमान चेपाङ, ४ भाद्र २०८१) ।

### चौथो दिनको मध्यान्ह (दोस्रो प्रहर)

यो छोनाम पर्वको मध्यान्ह (दोस्रो प्रहर) अर्थात पर्वको लागि आवश्यक सामाग्रीहरू सङ्कलनको लागि जाने र सामाग्रीहरूलाई कूलथान र छोनाम फलाक्ने स्थलमा ल्याई सजाउने काम हुन्छ । मूल पान्दे र कूल घरको मूलीको निर्देशनमा यस इकाईमा खटिएको सदस्यहरूले यस कार्य सम्पन्न गर्ने गर्दछन् । छोनामको लागि आवश्यक सामाग्री तथा फूलफुलाङ्गीहरू सङ्कलन यस दिनको मध्यान्ह (दिउँसो १२:०० बजे) को समयलाई

शुभ मानिन्छ। यसरी संकलित सामाग्रीहरू कूल घरमा ल्याइसकेपछि दोस्रो प्रहरको कार्य सम्पन्न भएको मानिन्छ (काजीमान चेपाङ, ४ भाद्र २०८१)।

## चौथो दिनको साँझ (तेस्रो प्रहर)

चौथो दिनको तेस्रो प्रहर अर्थात साँझको समय निक्कै उत्साह र चहलपहलको समय देखिन्छ। यसमा अनौपचारिक रूपमा तोकिएका परम्परागत प्रशासनिक ईकाईका सदस्यहरू निकै सक्रिय हुनु पर्दछ। यस बखत पान्देहरूको आगमन हुने हुन्छ। उनीहरूको सत्कार र आराम गर्ने स्थानको बन्दोबस्त गर्ने, कूल कुटुम्बहरू तथा चेलीबेटीहरूको आगमन हुने पनि यसै सयम पर्दछ, तिनको स्वागत र कोशेलीको थन्कोमन्को गर्ने, उपसना (एकछाकी) बसेका बाहेक परिवार समूह तथा उपस्थित पाहुनाहरूलाई खानपिनको बन्दोबस्ती गर्ने, छोनाम फलाक्ने स्थान सजाउने, आगोको खरङ तयार गर्ने, कूलथान र छोनाम फलाक्ने थानको पूर्ण रूपमा सजावट गर्ने, नयाँ ढ्याङ्ग्रोलाई आगोमा सेकाएर बज्ने (रन्किने) बनाउने लगायतका आवश्यकीय कार्यहरू यसै समयमा गर्नु पर्दछ। यो समय छोनाम पर्वको पूर्वसन्ध्या भएकोले सबै प्रकारको प्रशासनिक ईकाई र कूलपरिवार तथा पान्देको विशेष भूमिकामा पर्वको तयारी पूर्णता दिन्छन्। साँझको भोजन (उपासना बसेका बाहेक) खानापछि घरलाई पुनः चोख्याई (शुद्ध बनाई) छोनाम फलाक्न तयार गरिन्छ भने कूल समूहका सदस्यहरू कूललाई चढाउने कुखुराको भाले, अक्षेता, तथा पितृलाई चढाउने नयाँ खाद्य सामाग्रीहरू सहित परिवारै उपस्थित हुन्छन्। साथमा वर्षभरिमा बिरामी भई पान्देले हेरेर निको पारेर राखेका बिरामीहरूको खर्च काट्ने गरी (भाकल गरेको कुखुरा, बाख्रा वा अरू पशुबलि दिन कबोल गरेको सामाग्री सहित) भेला हुन्छन्। यसरी चौथो दिनको तेस्रो प्रहर सम्पन्न भई साँझपखबाट कूल परिवारको जेष्ठ सदस्य र मूल पान्देले छोनाम फलाक्न तयार भएका हुन्छन् (व्यक्तिगत अवलोकन ४ र ५ भाद्र २०८१)।

## छोनामको (न्वाँगी) चौथो रातलाई साँझदेखि पाँचौँ दिनको बिहानसम्म) तीन प्रहरमा विभाजन

यस समयलाई परम्परागत संस्कार सम्पन्न गर्ने प्रयोजनार्थ तीन प्रहरमा विभाजन गरी कार्य गरिन्छ। जसमा गरिने विभिन्न संस्कारलाई तल चर्चा गरिएको छ।

## छोनामको चौथो रात (पहिलो प्रहर)

छोनाम (न्वाँगी) फलाक्ने कूलघरमा पान्दे (मूल झाँक्री) द्वारा पहिलो दिन (पाँच दिनअघि) केरा सुनाएको पितृहरूलाई निम्तो बोलाएकोहरूलाई घरको पवित्र स्थल मूलथानमा बोलाई प्रतीकात्मक रूपमा प्रतिस्थापन गराउँछन्। यस सयम कूलपितृहरूको लागि पूर्ण रूपमा खुल्ला भएको विश्वास गरिन्छ। पान्देले त्यस रातको विभिन्न प्रहरमा फरक-फरक शैलीमा फलाक्ने गर्दछन्। यसमा गरिने विधि तथा संस्कारहरू पनि फरक र भिन्न महत्त्वका हुन्छन्। यस अवधिमा अथवा साँझ पखदेखि करिब १२ बजेसम्मको समयमा कूलका पितृहरू तथा देवीदेवताहरूको सम्मानमा नयाँ खानेकुराहरू चढाएको स्थानमा सबैलाई प्रतिस्थापन गरिएको र यसका लागि नयाँ पान्दे र सोही कूलवंशका सन्ततीहरूले यस अवसर जुटाइरहेका छन् भन्ने जस्ता तान्त्रिक विधिबाट पान्देले अभिव्यक्त गर्ने गर्दछन्। यो कूलवंशले परापूर्वकालदेखि मान्दै र पूज्दै आएको सम्पूर्ण पितृहरू तथा देवदेवीहरूलाई निमन्त्रणा गरी नयाँ खानेकुरा चढाएर वर्षभरिको परिवारिक गतिविधिको जानकारी दिँदै उनीहरूको एक पाखे नयाँ मोरेको ढ्याङ्ग्रो फलाक्दै स्वागत गर्ने गर्दछ (प्रेमबहादुर चेपाङ, ५ भाद्र २०८१)।

यसरी सम्पूर्ण देवीदेवता, कूलपितृलाई पान्देद्वारा फलाकेर मूलथानमा प्रतिस्थापन गराई सकेपछि पहिलो प्रहरको अनुष्ठान समाप्ती हुन्छ र पान्देहरू अम्मल खाई (चुरोट, बिंडी, तमाखू आदि) विश्राम गर्दछन् । यस समयमा पान्देहरू र कूल समूहका मूलिहरूबिच एक आपसमा प्रकृति पुर्खा र जीवन बिचमा भए गरेको वास्तविक अनुभूतिहरू साटासाट गर्ने र छोनामको कार्यहरू पान्देहरू एक आपसका तान्त्रिक विधिबाट कुन विधा कसले पुरा गर्दै जाने भन्ने कार्यको बिभाजन गरी  पुनः दोस्रो चरण (प्रहर) मा प्रवेश गर्दछन् (व्यक्तिगत अवलोकन, ४ भाद्र २०८१) ।

## चौथो मध्यरात (दोस्रो प्रहर)

छोनाम पर्वको चौथो रातको दोस्रो प्रहरको अवधि (रातको १२:०० बजे) मध्यरातको आसपासको समयलाई मानिन्छ । यस समयमा विशेष गरी नवपान्देहरूको प्रवेशका लागि महत्त्वपूर्ण हुन्छ । यस अवधिमा पान्देहरूले सम्पूर्ण शक्तिका देवीदेवता र कुलपितृहरूलाई प्रतीकात्मक रूपमा मूल थानमा उपस्थित गराई सम्पूर्ण कूल घरानको नालीवेली सुनाउने गर्दछन् । यसको साथसाथै नवपान्देहरू इच्छुक भएकाहरूलाई आ-आफ्नो कला वा क्षमता नयाँ ढ्याङ्ग्रो फलाकेर प्रदर्शन गर्न अवसर दिइन्छ । पान्देले प्रकृति, पुर्खा र जीवन बिच सम्पर्क गर्दछ भन्ने जनविश्वासको आधारमा यस प्रकारको प्रदर्शन गर्न लगाउने र यसै दिनदेखि उनीहरूमध्ये संभावना भएकाहरू नयाँ पान्देको रूपमा स्थापित हुने अवसर भएको मानिन्छ । उनीहरूको इच्छा मुताविक मूल पान्देले तान्त्रिक विद्याको शिक्षादीक्षा दिँदै निखार्दै लैजाने परम्परा रहेको छ । मूल पान्देद्वारा तान्त्रिक विद्यामार्फत सम्पूर्ण शक्तिको स्वरूपहरू पान्देले उपस्थित गराएको बखत नवपान्देहरूले फलाकेर विविधता प्रदर्शन गरेका हुन्छन् । उनीहरूले प्रस्तुत् गरेको विविधतामा हुने नहुने तथा कतिपय अनावश्यक क्रियाकलापहरू हुन गएको भए कूलदेवता तथा शक्तिका प्रतीकात्मक स्वरूपका प्रतिमूर्तिहरूलाई पर्न गएको अपमानहरू नवपान्दे र अन्जानमा भएकाहरू गल्तिहरू हुन् त्यसलाई आफ्नै मनुवा (मान्छे) सम्झेर माफ गरी दिनु भनी पुनः मूल पान्देले सम्झाउँदै खुशी बनाई धैर्य गर्न र चढाएका सम्पूर्ण नयाँ अन्नबाली तथा बलि चढाएका प्रसादहरू सामुहिक रूपमा ग्रहण गर्न तयार हुनु भनी फलाक्दै सम्झाउने गर्दछन् (काजीमान चेपाङ, भाद्र ५ २०८१) ।

यसरी पान्देले उपस्थित गराएका सबै कूल देवीदेवता र पितृहरूलाई थान-थानमा राख्ने कार्य सम्पन्न भएपछि अन्यलाई फलाक्न नयाँ पान्देहरूलाई फलाक्न दिइँदैन । सबै शक्ति आफूमा निहित गरी कूल पूजातर्फ उन्मूख हुने विद्या गर्दै पर्वलाई विट मार्ने तर्फ जाने गर्दछ । यस प्रकारको संस्कारपछि सबै पान्देहरू र कूल समूहका मूलीहरू केहीबेर आराम गर्दछन् । यस बखत पान्देहरू आपसमा समापन गरेको कार्यहरूबारे जानकार हुन्छन् छुटेका विधामा मूल पान्देले हेर्ने र बाँकी संस्कार समापन गर्न आपसमा सल्लाह गरी  छोनामको रातको समयमा गरीने अन्तिम कार्यमा जुट्दछन् । जसलाई तेस्रो प्रहरको रूपमा मान्ने गर्दछन् (प्रत्यक्ष अवलोकन, ५ भाद्र २०८१) ।

## चौथो रातको बिहानी (तेस्रो प्रहर)

छोनाम पर्वको चौथो रातको समय अर्थात पाँचौ दिनको बिहानीमा (तेस्रो प्रहर) विशेष महत्त्व हुन्छ । यस प्रहरमा कूलपूजा गर्ने समूह वा थरहरको कूलपूजा गरिन्छ । यसमा वर्ष भरिका परिवारका संरक्षकको प्रतीक स्वरूप संरक्षकको रूपमा पालिएको कुखुराको भालेलाई कूलथानमा बलि दिइन्छ । साथमा नयाँ अन्नबाली

भातीजाँड र पाँच दिन अगाडि गभाएको केराको घरीलाई कूललाई चढाइन्छ । यस वर्षभरि परिवारप्रति संरक्षण गरेकोमा धन्यवाद र आगामी वर्षको लागि यसरी नै अर्को वर्षसम्मलाई पुनः अर्को भाले प्रतिस्थापन गरी चढाउने बाचाका साथ यो पूजा पूर्ण रूपमा तान्त्रिक विधिबाट समापन गरिन्छ। कूलको प्रतीकको रूपमा रहेको कुखुराको भाले कूलथानमा बलि दिनु अगाडी भालेलाई घैयाधान र चामल खान दिइन्छ । यस बेला आराममले धान वा चामल खाँदै पर्सिएमा कूल खुशी भएको र परिवारमा सुखशान्ती हुने विश्वास लिइन्छ । यदि कूलको भालेले चामल वा धान नखाई पर्सिन मानेन भने कूल रिसाएको र परिवारमा दुःख अशान्ती हुन जाने जनविश्वास हुँदा दुःख मान्ने गर्दछन् । यसकारण कूल पूजामा यस प्रकारको कार्यलाई विशेष रूपले हेर्ने गरेको हुन्छ । छोनाममा कूलपूजा नगर्ने र नयाँ अन्नबाली मात्र चढाउनेहरूले यस प्रकारको कार्य कूलपूजा गर्ने दिन (जेठ पूर्णिमा, तोङ्कोलोङ (कूलपूला) वा अरू नै तिथिमा मनाउने समयमा यसरी नै गर्ने प्रचलन रहेको पाइन्छ (सानोकान्छा चेपाङ, ५ भाद्र २०८१) ।

## बिरामी हेर्ने र खर्च कटाउने परम्परा

यो समय विशेष गरेर वर्षभरिमा बिरामी भएकाहरूको तर्फबाट भूतप्रेत तथा लागो भएका बिरामीलाई पान्देले उपचार गरी  विशेक पारिसकेपछि उनको नाममा भाकल गरिएको पूरा गर्ने कार्य यसै प्रहरमा गरिन्छ । पान्देद्वारा बिरामीलाई कुनै दुःख नदेऊ तिमिलाई भाकल गरेको पशुपंक्षी बलि चढाउने छु भनी बाचा गरेर राखेको हुन्छ । त्यसलाई यसै अवसरमा बिरामीको तर्फबाट चढाउने प्रक्रियालाई खर्च कटाउने वा हेराउने भन्ने गरिन्छ । पान्देले यस प्रकारको कार्य अरू कुनै बखतको तिथिमितिमा पनि गर्न सक्छन् । यस प्रकारको अनुष्ठान गर्दा छोनाममा गरिने विधि प्रक्रिया पूर्ण रूपमा त्यस बखत पनि गर्नु पर्ने हुन्छ । त्यसैले गर्दा छोनामको अवसरमा यो कार्य गरे एकै सयममा सबै देवीदेवता, कूल पितृ र भुतप्रेत सबैको उपस्थित गराईको अवसरमा बिरामीको खर्च काट्दा (हेराउँदा) एउटै मेसोमा सबै विधि पुग्ने हुनाले वर्षभरिका बिरामीद्वारा गरिएको भाकललाई यसै बेला नै प्रायः खर्च कटाउने (बिरामी हेराउने) गर्दछन् (कृष्णबहादुर चेपाङ, भाद्र ५ २०८१) ।

## कुला लाने परम्परा

चौथो रातको विहान (तेस्रो प्रहर) मा बिरामी हेराउने (खर्च कटाउने) कार्य सम्पन्न भए लगत्तै मूल पान्देद्वारा कूवा लाने कार्य शूरू हुन्छ । छोनाम (न्वाँगी) मा आफ्नो कूलदेवतादेखि लिएर विभिन्न देवीदेवता, भूतप्रेत, राक्षस र अरू सबै शक्तिका देवीदेवताहरूको उपस्थितिमा सम्पन्न हुने जनविश्वास रहेको छ । त्यसैले सबैलाई सामूहिक भोजमा सहभागी हुन र आ-आफ्नो स्थानमा गई बस्न पुनः कूल परिवारमा कुनै पनि बाधा व्यवधान नपुऱ्याइदिनु भनी सबैलाई मनाएर कूलपितृलाई पुकुन्थली र सुनाथली (पवित्र स्थल) मा लगेर थन्क्याउने कार्य नै कूवा लाने भनी सम्बोधन गरिएको संस्कार हो । कूललाई यस पर्वको विभिन्न गतिविधिमा सामेल गराई कुखुराको भालेको बलि दिई पुनः पवित्र स्थानमा लगी थन्क्याने कार्य कूवा लाने प्रक्रिया हो (प्रेमबहादुर चेपाङ, ५ भाद्र २०८१) । पान्देले कूवालाने समयमा निदाउनु हुँदैन भन्ने जनविश्वास भएकोले यस बखत घरमा कोही पनि सुत्नु या निदाउनु हुँदैन । निदायो भने उसको आत्मा पनि पितृसँगै छोपिने हुँदा पुन जगाउन नसकिने जनविश्वास रहेको पाइन्छ । कूवा लैजाँदा सँगै जान्छ, जसले उसलाई नराम्रो हुन जान्छ भन्ने मान्यता रहिआएको छ । त्यसकारण पान्देले कूवा लाने समयमा कोही निदाएको भए ब्युँताउनु भनी जानकारी गराउँदछन् । यसरी

तान्त्रिक विधिबाट पित्रात्मालाई विचरण गराउने बखत सबैजना जागा अथवा ननिदाएको अवस्थामा हुनुपर्छ भन्ने परम्परागत मान्यता कायम रहेको देखिन्छ (व्यक्तिगत अवलोकन, ५ भाद्र २०८१) ।

## पित्र बुझाउने परम्परा

छोनाम पर्वको अन्त वा चौथो रातको तेस्रो प्रहर अथवा पाँचौ दिनको बिहानीमा मूल पान्देले कूवा लगिसकेपछि कूलको पूर्ण कार्य सम्पन्न भइसकेको हुन्छ । यसको लगत्तै पान्देद्वारा निम्त्याएको पितृहरू (मृतात्मा) लाई नयाँ खानेकुराहरू तथा कूलघरमा उपलब्ध सामाग्रीहरू (खाद्यवस्तुहरू) लिएर घरबाहिरको पूर्व दिशामा पर्ने रूख (चिउरी, लाँकुरी वा चिराउने) को फेदमा लगी सामूहिक भोज गराउने परम्परागत प्रचलन रहेको छ जसलाई पित्रदिने वा बुझाउने भनिन्छ । यसरी उल्टो केराको पात र दुनामा खाद्यवस्तु राखेर सामुहिक भोज दिएपछि घरमा फर्के फलाक्दै पान्देले सबै पितृलाई आ-आफ्नो थानमा लगी राख्ने कार्य गर्दछन् । यसको लगत्तै उपलब्ध खाद्यवस्तुलाई फलाकेर सकेपछि  अरू देवीदेवता, भूतप्रेत, राक्षस तथा अन्य सहभागी मृतात्माहरूलाई पहिले चढाई सकेपछि मात्र मान्छेको लागि खान बाचा फुकेको मानिन्छ (श्रीराम चेपाङ, ५ भाद्र २०८१) ।

## छोनामको सामूहिक भोज

छोनाम (न्वाँगी) पर्वको पाँचौ दिनको बिहानीमा पान्देद्वारा गरिने विधि पूरा गरिसकेपछि मानव जीवनका लागि नयाँ खाद्यबाली तथा फलफूलहरू खान बाटो खुलेको घोषणा गर्दछ । यसरी पान्देको घोषणा गरीसकेपछि यस वर्षको लागि सबै प्रकारको बाली खान बाटो खुलेको मानि सामूहिक भोजमा उपस्थित सबै सामेल हुने गर्दछन् । छोनामको अवसरमा उपस्थित सम्पूर्ण चलीबेटी, कूल कुटुम्ब तथा पर्व भर्न आएका निम्तालुहरूलाई नयाँ खाद्यवाली, भातीजाँड, भालेको मासु लगायतका खानेकुराहरूबाट भोजन गराइन्छ । यसरी सामुहिक भोजको समापन पछि सम्पूर्ण निम्तालुहरू बिदाइ हुने गर्दछन् । मुल पान्देलाई भने पर्वको प्रसाद (कूलको भालेको मासु, अक्षेता चामल र भेटी (दक्षिणा चढाइएको नगद रकम) सहित विदाई गरी घरसम्म पुऱ्याउने कार्य डाँग्रे समूहको जिम्मामा हुने गर्दछ ।

छोनाम (न्वाँगी) पर्वको मूल पान्देको विदाई भईसकेपछि कूल परिवारको सदस्यहरू साँझपख भेला भइ कूलको भालेको टाउको पकाएर खाने परम्परा छ । यो कूलसमूह वा परिवारको संरक्षकको रूपमा रहेको कुखुराको भालेको टाउको जुन कूलथानमा चढाइएको हुन्छ त्यसलाई पाँचौं दिनको साँझ मात्र निकालिन्छ । कूलथानबाट निकालिएको उक्त टाउकोलाई पकाएर कूल परिवारको जेष्ठ सदस्यहरूले मात्र प्रसाद ग्रहण गर्दछन् । यसमा अन्यलाई खान दिन हुन्न भन्ने परम्परागत विश्वास रहेको पाइन्छ । पर्वको निमित्त अनौपचारिक रूपमा स्थापना भएको प्रशासनिक ईकाईका सदस्यहरूलाई पशुपंछीको मासु (कूलको भालेको टाउको बाहेक) पकाएर स्थानीय जाँड, रक्सी र अन्य नयाँ अन्नबालीको परिकार (गाभापिंडालु) लाई प्रसादको रूपमा ग्रहण गराउँदछन् । एवम् प्रकारले कूलको भालेको टाउको र भातीजाँड प्रसादको रूपमा ग्रहण गर्दै पर्वको समग्र समीक्षा गर्ने गर्दछन् र सबल पक्षमा प्रशंसा गर्ने, कमजोरी पक्षमा अर्को वर्ष सुधार गर्ने बाचाका साथ पर्वमा सहयोगीको भूमिका

निर्वाह गर्ने सम्पूर्ण प्रशासनिक इकाईका सदस्यहरूलाई धन्यवाद दिदैं कूलपरिवारका सदस्यहरू बिदाईसँगै यस वर्षको छोनाम (न्वाँगी) पर्व सम्पन्न भएको मान्ने परम्परा रहेको देखिन्छ (व्यक्तिगत अवलोकन, ५ भाद्र २०८१) ।

## छलफल तथा निष्कर्ष

छोनाम (न्वाँगी) पर्व र यसमा गरिने विभिन्न क्रियाकलापहरूको सन्दर्भमा प्राप्त हुन आएका तथ्यहरूलाई प्रस्तुत् गरिसकेपछि शोध आरम्भ गर्नुअघि शोध प्रश्नहरूको उत्तर खोजी गर्नको लागि प्राप्त तथ्यहरूले गर्ने संकेत र यसको अर्थको आधारमा छलफल गरी निष्कर्षमा पुग्ने भएकोले ती प्रश्नहरूमा उब्जिएका जिज्ञासाहरूमा छलफल गरिएको छ ।

### छलफल

**चेपाङ समुदायको छोनाम पर्वको सांस्कृतिक पक्षहरू के के हुन् ?** यस अनुसन्धानको चेपाङ समुदायको छोनाम (न्वाँगी) पर्वको सांस्कृतिक पक्षहरू के के हुन् भन्ने पहिलो सवालमा स्थलगत अवलोकनमा प्राप्त तथ्यको आधारमा यसमा छलफल गरिएको छ । छोनाम (न्वाँगी) पर्व चेपाङ समुदाय भित्रकाले बुझेको र आम समाजले बुझेको सत्यताका आधार के रहेछ भन्ने बिषयमा यो अध्ययन केन्द्रित भएको छ । चेपाङहरूले नयाँ अन्नबाली भित्र्याई सकेपछि नयाँ खाने अथवा न्वाँगी खाने गर्दछन् । यसरी नयाँ खाने परम्परालाई चेपाङहरूले न्वाँगी खाने भनेर एकपाखे ढ्याङ्ग्रो फलाक्दै मनाउने गर्दछन् । यसलाई चेपाङ भाषामा छोनाम खाने भनेर सम्बोधन गर्दछन् (ढुंगेल,२०५१) । यस प्रकारको बुझाईमा आधारित अरू धेरै विद्वान्हरूको राय मिल्न गएको र आम मानिसहरूले बुझ्ने गरेको सत्यता यस्तै रहेको पाइन्छ । पर्वको तथ्यहरू पहिचानमा गरिएको अवलोकनले प्राप्त तथ्यहरूको आधारमा छलफल गरिएको छ ।

छोनाम (न्वाँगी) पाँच दिवसीय पर्व भएकोले यसको मुख्य मियोको रूपमा पान्दे (चेपाङ झाँक्री) रहेको हुन्छ । पान्दे र कूलपरिवारको आपसी सल्लाहमा छोनामको तिथिमिति (विशेष गरी मंगलबार फलाकेर बुधबार पितृ दिने वा शुक्रबार फलाकेर शनिबार पितृ दिने परम्परा बढी पाइन्छ) तय भाद्र महिना अगावै गरिएको हुन्छ । यसरी तोकिएको दिनमा कूलपरिवारको सदस्यबाट केरा सुनाउने (सिंगो केरा भएमा बनकेराको घरी र घैयाचामलको भातीजाँड कूलको नाममा कूलथानमा राखी फलाक्छन्) गरिन्छ । यस दिनबाट औपचारिक रूपमा छोनाम (न्वाँगी) पर्व शुरू भएको पहिलो दिन मानिन्छ । दोस्रो दिनमा पर्व संचालनको लागि अनौपचारिक रूपमा सांस्कृतिक इकाईहरू निर्माण गरिएको हुन्छ । जसमा डाँग्रे समूह, पाहुना सत्कार समूह, नयाँ खाद्यवस्तु, बुकिफूल तथा आवश्यक सामाग्रीहरू सङ्कलन समूह, सांस्कृतिक समूह लगायतका जिम्मेबारीको बाँडफाँड गरी काममा लाग्ने गरिन्छ ।

यसरी दोस्रो दिनमा तय गरिएको सांस्कृतिक समूहहरूले तेस्रो, चौथो र पाँचौं दिनसम्म आ-आफ्नो कार्य गरिरहेको हुन्छ भने तिनीहरूको खानपित तथा बासको व्यवस्था कूल घरपरिवारबाट गर्ने परम्परा रहेको छ । पर्वको चौथो दिन विशेष प्रकारको संस्कार हुने हुँदा यस दिन निकै चहलपहल हन्छ । यस दिनलाई तीन प्रहरमा विभाजन गरी संस्कारहरू सम्पन्न गर्ने गरिन्छ । पहिलो प्रहरमा कूल घरको सरसफाइ तथा लिपपोत गरी चोखो बनाइन्छ भने दास्रो प्रहरमा नयाँ खाद्यवाली र पितृलाई मनपर्ने बुकिफूलबाट घर वरपर र कूलथान सजाउने गरिन्छ । तेस्रो प्रहर वा साँझमा पान्देको प्रवेश, कूलकुटुम्बको प्रवेश साथमा निम्तालुहरू पनि आउने

गर्दछन् । यसरी सबै तर्फबाट पर्वको तयारी भइ सकेपछि बेलुका साँझपखदेखि पान्देद्वारा फलाक्न शुरू गर्दछन् । यस रातको समयलाई पनि तीन प्रहरूमा विभाजन गरी सांस्कृतिक कार्यहरू सो अनुसार गर्ने गरिन्छ । जसमा पहिलो प्रहर पान्देले तान्त्रिक विधिबाट कूल, पितृ तथा देवीदेवताका साथमा भूतप्रेत, पिचास लगायतका सम्पूर्ण शक्तिका प्रतिमूर्तिहरूलाई निम्ता गरी यस वर्षको नयाँ अन्नबाली र पशुपंक्षीका बलि दिने भएमा सो को प्रसाद ग्रहण गर्न आव्हान गर्ने गर्दछ (काजीमान चेपाङ, ४ भाद्र २०८१) ।

छोनाम (न्वाँगी) पर्वको पहिलो प्रहरको कार्य सम्पन्न भएपछि केहीबेरको बिश्राम पश्चात दोस्रो प्रहर शुरू हुन्छ । यसमा नवपान्देहरूलाई तान्त्रिक विधिबाट छोनाम फलाक्ने अवसर प्रदान गरिन्छ जुन ज्यादै रोचक र आकर्षक हुन्छ । यस बखत उनीहरूलाई मूल पान्देद्वारा पर्व सम्पन्न गर्ने परम्परागत ज्ञान हस्तान्तरण गर्ने गर्दछन् । यो चेपाङ समुदायको छोनाम पर्वको एक महत्त्वपूर्ण सांस्कृतिक परम्परा हो । यसपछि तेस्रो प्रहरको शुरूवातसँगै कूल पूजा गर्ने सुमहको कूलपूजा हुन्छ (हरेक परिवारको सदस्यको घरमा संरक्षकको रूपमा खडा गरी वर्षभरि पालिएको कुखुराको भाले कूलथानमा बलि दिने गरिन्छ) भने कूल पूजा नगर्ने थर समूहको पर्वमा पान्देद्वारा उपचार गरिएको बिरामीहरूको खर्च कटाउने कार्य गरिन्छ । यस कार्यको समाप्त हुने वित्तिकै कूवा (कूलपितृलाई भोग गराई सकेपछि पूर्व थानमा लगी राख्ने कार्य) लाने कार्य पूर्णरूपमा मूल पान्देद्वारा तान्त्रिक विधिबाट सम्पन्न गरिन्छ । कूवा लगिसकेपछि पान्देले निमन्त्रणा गरिएको शक्तिका देवीदेवता, भूतप्रेत, पिचास सबैलाई सामूहिक भोज दिईन्छ जसलाई पित्र दिने भनिन्छ । यसरी पर्वमा चढाइएका केरा, भातीजाँड, गाभापिँडालु, घैयाधान तथा बुकिफूल, केराको बोट, पातको मुठा, खट्टे चिउरा, निबुवा लगायतका खाद्यवस्तुहरू प्रतीकको रूपमा यसमा सामेल गरी भोजमा चढाइएको हुन्छ । यसरी पित्र दिई सकेपछि मात्र मावन समुदायको लागि अबउप्रान्त नयाँ अन्नबाली तथा फलफूल ग्रहण गर्न फुकेको मानि सामूहिक भोज खाई एकआपसमा बिदाइ हुने परम्परा रहेको देखिन्छ ।

छोनाम (न्वाँगी) पर्वको सम्बन्धमा सामान्य मानिसले बुझेको विविध पक्षहरूमा अनुसन्धान भएको सैद्धान्तिक आधारहरूको सन्दर्भमा छलफल गरिएको छ । जाम्बिया (पहिले उत्तरी रोडिसिया) मा बासोबास गर्ने आदिवासी समुदाय (Tribal Peoples) जसलाई Ndembu Society भनिन्छ । उनीहरूले जंगललाई आफ्नो जीवनयापनको मूल श्रोत भएको प्रतिकको रूपमा मान्दछन् । विशेष गरेर मूडीको रूख (Milk Tree) यो समुदायको प्रमुख सांस्कृतिक, धार्मिक तथा सामाजिक जीवनको प्रतीक मान्दछन् (Turner, (1967, pp. 1-15) । Turner द्वारा प्रतिपादित सिद्धान्तको आधारमा यो समुदायले प्रयोग गर्ने सांस्कृतिक बिम्ब वा प्रतीकहरूको विविध पक्षहरू नेपालमा बसोबास गर्ने चेपाङ समुदायले छोनाम (न्वाँगी) पर्वमा प्रयोग गर्ने बिम्ब वा प्रतीकहरूको विविधतासँग सैद्धान्तिक रूपमा समानता रहेको पाइन्छ ।

**छोनाम (न्वाँगी) पर्वमा प्रयुक्त बिम्ब वा समूह को सांस्कृतिक महत्त्व कस्तो रहेको छ ?** चेपाङ समुदायको मुख्य पर्व छोनाम (न्वाँगी) मा प्रयोग गरिने बिम्ब वा प्रतीकहरू र तिनको सांस्कृतिक महत्त्व कस्तो रहेको हुन्छ भन्ने यस शोधको दोस्रो सवाललाई प्राप्त तथ्यहरूको आधारमा छलफल गरिएको छ । यस पर्वका प्रयुक्त बिम्ब वा प्रतीकहरू पान्दे (प्रकृति, पुर्खा र जीवन जोड्न भूमिका निर्वाह गर्ने पात्रको रूपमा अर्थात पूर्खाको प्रतिमूर्ति वा तन्त्र र मन्त्र गर्ने पात्र), पान्देले फलाक्ने एकपाखे ढ्याङ्ग्रो र पहिरिने रूद्राक्ष/घुङ्ग्रोमाला (पान्देको तान्त्रिक विधामा सहयात्रा गर्ने प्रमुख साधन (यन्त्र) कुखुराको भाले (परिवारको संरक्षकको प्रतीक),

बनकेरा (बारबारिएन समाजदेखि सामाजिक अवस्थासम्मको उपयोगि खाद्यवस्तु), घैयाधान (जीजनयापनको मुख्य खाद्यबाली), पिँडालु/तरूल, गिठ्ठा, भ्याकुर, निबुवा जस्ता बनस्पतिहरू जीवनयापनका प्रमुख खाद्यबस्तु जुन पूर्खाले उपयोग गरी आएको परम्परागत मान्यता रहेको देखिन्छ। छोनाम (न्वाँगी) पर्वलाई सांस्कृतिक प्रतीकको रूपमा रहेको देखिन्छ।

छोनाम (न्वाँगी) पर्वको महत्त्वको सन्दर्भमा छलफल गर्दा, नेपालमा बसोबास गरेका जातिले जस्तै नयाँ अन्नबाली भित्र्याई सकेपछि नयाँ खाने/न्याँगी खाने र पितृलाई नयाँ अन्नबाली चढाएर मात्र आफू खाने पर्व (ढुंगेल, २०५२ पृ. ७३) हो। चेपाङहरूको उद्‌गम स्थल पुकुन्थली, सुनाथली पान्देद्वारा तान्त्रिक रूपमा उल्लेख गरिएको उत्पत्ति स्थलको रूपमा पुजिन्छ, जुन दोलखा र ओखलढुंगा जिल्लामा पर्ने दुधकोशी र सुनकोशीको आसपासमा पर्ने स्थानमा किरातकालदेखि नै बसोबास रहेको (राई, २०६७ पृ. ९-१०) थिए। यी अग्रज विद्वान् हको खोजको विश्लेषण चेपाङहरूको छोनाम (न्वाँगी) मुख्य पर्व भएकोमा एक मत पाइयो। तर यो समुदायले आफ्नो सांस्कृतिक पहिचानको प्रमुख प्रतीकको रूपमा यो पर्वका सांस्कृतिक पक्ष, महत्त्व तथा हस्तान्तरण र प्रदर्शन गर्दै आएको सन्दर्भलाई विस्तृत छलफल आवश्यक भएकोले यस शोधमार्फत थप छलफल गरिएको हो। छोनाम (न्वाँगी) पर्व अरू समुदायको बुझाईमा नयाँ खानेकुरा पूर्खालाई चढाउने मात्र होइन यसमा प्रतीकात्मक रूपमा पान्देद्वारा समुदायको इतिहास, परम्परा, सांस्कृतिक जगेर्ना, हस्तान्तरण र प्रदर्शन गर्ने प्रमुख अवसर हो। यसमा प्रकृति, पूर्खा र जीवनसँग प्रत्यक्ष रूपमा साक्षात्कार गर्ने अवसर भएको सिद्वान्तका आधारहरू (तान्त्रिक विधाबाट) रहेको तथा जीवनशैली र जगतलाई जोडने माध्यमको रूपमा स्थापित सांस्कृतिक परम्परा रहेको प्राप्त तथ्यहरूको छलफलबाट पुष्टि भएको छ (प्रत्यक्ष अवलोकन, ५ भाद्र २०८१)।

विश्वमा बसोबास गरेका जाति समुदायहरू विशेष गरी आदिवासी समुदाय (Tribal Peoples) हरूले परम्परागत रूपमा प्रयोग गर्ने बिम्ब वा प्रतीकहरू प्रकृतिसँग सम्बन्धित हुन्छन्। जाम्बिया (पहिले उत्तरी रोडिसिया) मा बस्ने Ndembu Society को अनुसन्धानले वनजंगल नै उनीहरूको सांस्कृतिक प्रतीक हो (Turner, (1967 pp.1-15)। Ndembu समुदायमा सामाजिक संगठनको सिद्धान्त र मूल्यहरूको एक स्तरमा Abstraction The Milk Tree भनेको Mitriliny को लागि खडा हुन्छ। जसमा Ndembu समाजको निरन्तरतामा निर्भर गर्दछ। Matriliny ले उत्तराधिकारीलाई प्रशासनिक र सम्पत्तिको उत्तराधिकारीलाई नियन्त्रण गर्दछ। 'मूडी' को अर्थ मातृत्व भन्दा बढी रहेको हुन्छ। आदिवासी प्रथा (मूचिडि वेतु) को लागि खडा छ। Matriliny सिद्धान्त यो समुदायको सामाजिक संगठनको मेरूदण्ड हो। दूधको रूख आर्थिक संरचनामा एक तत्त्वको रूपमा, प्रतीकको समूह र व्यक्तिहरूबिचको अन्तरसम्बन्धको कूल प्रणालीलाई चित्रण गर्दछ। यो समुदायको झण्डा अथवा प्रतीकको रूपमा मूडी (दूधको रूख) रहन्छ। आर्थिक रूपमा Mitriliny सिद्धान्त, सांस्कृतिक रूपमा Nkang'a तथा जीवनशैलीको रूपमा सिकार (wubimda) जस्ता संस्कारहरू गर्दछन्। यो समुदायमा सिकार गर्न जाँदा मूडीको रूखलाई अंग्रेजी अक्षरको V आकारमा काटि सिकार प्रणालीमा विशेष प्रकारको संस्कारको रूपमा 'मूडी' (दूधको रूख) लाई प्रतीकको रूपमा खडा गरिएको हुन्छ। जसमा ख आकारको तीन कोणलाई पहिलो श्रापको प्रतिमा (जसमा सिकार गर्दा मारिने जनावरको पाप नलागोस भनेर), दोस्रो बृद्धि वा बढाउने (सिकार गर्न चतुऱ्याइँ वा चालबाजी गर्न सकोस) र तेस्रोमा सिकार छिटो देखापरोस (ठुलो झाडीबाट जनावर देख्न सकियोस्) भनी शक्तिको प्रतिकको रूपमा स्थापना गरिएको हुन्छ। यसकारण यो समुदायले 'मुडी' हाम्रो जीवनशैलीको हरेक

चरणमा प्रयोग गरिने विश्वास प्रतिक भएकोले यो समुदायको झण्डा हो । यसकारण, नेपालमा चेपाङहरूले मनाउने छोनाम (न्वाँगी) पर्वमा चढाएने केरा बोटलाई मूडी रूखको प्रतीकसँग मिल्दाजुल्दा देखिन्छ । Ndembu आदिवासीमा मूडी (दूधको रूख) लाई सामाजिक, सांस्कृतिक तथा धार्मिक र सिकार प्रयोजनमा जति वरिष्ठता, जीवनशैलीका आधारस्तम्भ, प्रकृति, पूर्खालाई जोड्ने प्रतीक मूडी (दूधको रूख) भएको विश्वास गरे जस्तै चेपाङ समुदायले छोनाम (न्वाँगी) पर्वमा प्रयोग गरिने केरा (फलेको घरी, सिंगो बोट, पात), घैयाचामल, बुकिफूल, तरूल, गाभापिँडालु, निबुवा, घिरौंला तथा कूलको लाति बलि चणइने कुखुराको भाले आदिलाई प्रतीकको रूपमा चढाउँछन् । चेपाङहरू प्रकृति, पूर्खा र जीवनबिचको सम्बन्ध कायम राख्ने माध्यमको रूपमा छोनाम (न्वाँगी) पर्वमा प्रयुक्त बिम्ब वा प्रतीकहरू र Ndembu आदिवासी समुदायले गर्ने सांस्कृतिक प्रतीकको रूपमा जंगलमा पाइने मूडीको रूखलाई Nkang'a, सिकार गर्दा अन्य सांस्कृतिक क्रियाकलाप गर्दा प्रतीकको रूपमा स्थापना गर्ने सांस्कृतिक प्रतीकका सैद्धान्तिक आधारहरू एकआपसमा समानता देखिन्छ । नेपालमा चेपाङ समुदायले पनि छोनाम (न्वाँगी) पर्वमा प्रकृतिमा पाइने खाद्यवस्तु तथा कुखुराको भालेको पहिले कूलथानमा चढाएर पित्र (मृतात्मालाई चढाउने) लाई चढाएरपछि मात्र आफू खाने परम्परा जस्तै जाम्बियाको Ndenbu Society मा सिकार परम्परा अनुसार प्राप्त सिकारलाई पहिले प्रकृति, पूर्खा र शक्तिका देवता मानिएको मूडीको रूखमा गई पहिले चढाई पहिले गरेको बाचा पूरा गरेको मानी चढाईसकेपछिपछि मात्र आफू खाने प्रचलन एकआपसमा समानता भेटिन्छ । यसरी विश्वमा रहेको आदिवासी समुदायहरूले परम्परागत संस्कृतिहरूलाई बिम्बात्मक वा प्रतीकात्मक रूपमा अवलम्बन गरिएका सैद्धान्तिक आधारहरूमा समानता देखिन्छ ।

**छोनाम (न्वाँगी) पर्वको माध्यमबाट चेपाङ समुदायमा संस्कृति हस्तान्तरण र प्रदर्शन कसरी हन्छन् ?** चेपाङ समुदायको छोनाम (न्वाँगी) पर्वमा संस्कृति हस्तान्तरण र प्रदर्शन कसरी गरिन्छ भन्ने शोधको अन्तिम जिज्ञासा हो । विश्वमा बसोबास गर्ने जाति/समुदाय विशेष गरी आदिवासी समुदायमा प्रयुक्त बिम्ब वा प्रतिकहरूको सैद्धान्तिक आधारहरू आपसमा समान रहेको भेटिन्छ । यस प्रकारको प्रतीक प्रयोग गरी समाज स्थापित परम्परागत मान्यताका सिद्धान्त अनुरूप कुखुराको भालेलाई प्रतीकको रूपमा प्रयोग गरी सामाजिक व्यक्तित्व निर्माणमा हुने परम्परागत विश्वासलाई सैद्धान्तिक आधारमा विश्लेषण गर्न सान्दर्भिक ठानिएको छ । इन्डोनेसियाको बालीमा बसोबास गर्ने आदिवासी समुदाय (Tribal Group) मा हुने कुखुराको भाले जुधाई (Cockfight) खेलमा यो समुदायको सामाजिक नायकको प्रतीकको रूपमा कुखुराको भालेलाई प्रतियोगितामा उतार्ने गर्दछन् । यो प्रतियोगिता उत्साहपूर्वक समुदायमा प्रदर्शन गरिने परम्परा रहेको छ । यस खेल प्रतियोगितामा जुन भालेले जीत्छ उसको मालिक (Oner) विजेता बन्दछ । विजेता भइसकेपछि उसलो पाउने पुरस्कार राशी तथा सामाजिक सम्मान बिम्बात्मक रूपमा एक सामाजिक नायक, युद्धकौशल जान्ने व्यक्ति, समाजको रक्षा गर्न सक्ने बहादुरी लडाकुको प्रतीक स्वरूप मान्ने प्रचलन छ (Geertz, 1973, p. 12) । यस प्रतियोगितामा कुखुराको भाले जुन समाजलाई निर्देशन गर्ने व्यक्तित्व निर्माण गर्ने बिम्बको रूपमा प्रतिस्थापन गरिएको हुन्छ । प्रतियोगिता जीतसँगै त्यस भालेको मालिकको सामाजिक व्यक्तित्व निर्माण भए जस्तै समुदायको छोनाम (न्वाँगी) फलाक्ने पर्वमा कुखुराको भालेलाई कूलथानमा बलि चढाउनु अघि घैयाधान र चामल खान दिइन्छ । यसमा कुखुराको भालेले घैयाधान र चामल सहजै खाएमा त्यस परिवारले कूलपितृ खुशी राखेको रहेछ भनेर परिवारको सामाजिक प्रतिष्ठा उच्च हुने गर्दछ भने कुखुराको भालेले घैयाधान र चामल नखाएका त्यस परिवारको कूलपितृ दुःखी रहेको

रहेछ यसले परिवारका दुःख हुने वा परिवारको जेष्ठ सदस्यमा ठुलो संकट आइपर्ने परम्परातग विश्वास गर्दछन्। यसको कारणबाट त्यस कूलपरिवारको सामाजिक प्रतिष्ठा बढेको/घटेको विश्वास गर्दछन् ।

यो पर्व मार्फत चेपाङ समुदायको संस्कृति हस्तान्तरण र प्रर्दशनको अवसरमा विभिन्न प्रकारका दिन/रात्रीकालीन प्रहरहरूमा भिन्न-भिन्न विधा र सांस्कृतिक परम्परा अनुसार प्रदर्शनहरूले पर्वको सांस्कृतिक महत्त्व दर्शाएको हुन्छ भने धार्मिक विश्वास र जातीय पहिचानसँग जोडिएका संस्कारगत कार्यहरू हुन्छन् । यस पर्वलाई प्रकृति, पूर्खा र जीवन बिचको सम्बन्धमा प्रतीकात्मक बिम्बको रूपमा पान्दे, कुखुराको भाले, घैयाधान, पिंडालु, केरा, भातीजाँड तथा नयाँ खाद्यबालीको प्रतिस्थापन गरिएको हुन्छ । छोनाम (न्वाँगी) पर्वमा प्रदर्शन गरिने कूलको भाले, नवपान्दे, खाद्यान्न तथा फलफूलहरूको प्रतीकात्मक र बिम्बात्मक रूपमा प्रकृति, पूर्खा र जीवनसँग सम्बन्धित अन्तरसम्बन्धको सांस्कृतिक विधाहरू हस्तान्तरण र सामूहिक भेलामा प्रदर्शन गर्ने परम्पराको अवलोकन गरी तथ्यहरूलाई विविध छलफलबाट पुष्टि भएको छ । जसमा मूल पान्देद्वारा भावि नेतृत्वकर्ताको रूपमा उदयमान पान्देको प्रवेश गराउने, पूर्व प्रवेशिकाहरूलाई पुनर्ताजगी गराउने साथमा परम्परागत ज्ञानको साथमा तान्त्रिक विद्यासमेत हस्तान्तरण गरी पूर्खाको प्रतीक स्वरूप नवपान्देलाई अगाडी ल्याई प्रदर्शन गर्न लगाइन्छ । छोनाम (न्वाँगी) मा प्रदर्शन हुने विविध गतिविधिहरूलाई अवलोकन गर्न र पर्वलाई भव्य र सभ्य रूपमा सम्पन्न गराउन आमन्त्रित शुभचिन्तकहरू, चेलीबेटीहरू, ईष्टमित्रहरू लगायतका सहभागीहरूले पर्व अवलोकन गर्दै घर बाहिर पिँढी, आगन, बारदली, खोल्मा वा गोठ जस्ता स्थानहरूमा भेला भएर पर्व सम्बन्धी रमाईला कथा, कविता, उखान टुक्का, गीत संगित साथमा मायाप्रीतिका कुराहरू समेत गर्ने गरेको भेनिन्छ। यी विविध गतिविधिहरूले रातैभरि अर्थात पर्व गरिने रातमा सबैलाई जागराम बस्नको लागि प्रेरित गरिरहेको हुन्छ। यसबाट छोनाम (न्वाँगी) पर्व नयाँ खाने न्वाँगी मात्र नभई समुदायको ऐतिहासिक, सांस्कृतिक र धार्मिक परम्परा अनुरूप प्रतीकात्मक रूपमा पवित्र सांस्कृति पर्व हो जहाँबाट संस्कृतिको हस्तान्तरण/पुस्तान्तरण र प्रदर्शन गर्ने प्रमुख थलोको रूपमा रहेको देखिन्छ (प्रत्यक्ष अवलोकन, ५ भाद्र २०८१) ।

## निष्कर्ष

नेपालमा बसोबास रहेको अतिसीमान्तकृत आदिवासी जनजाति चेपाङ समुदायको छोनाम (न्वाँगी) पर्व सांस्कृतिक प्रतीकको रूपमा रहेको प्राप्त तथ्यहरूले पुष्टि गरेको छ । यस चाडलाई समुदायले आफ्नो कूलपरिवार, इष्टमित्र, चेलीवेटी तथा छरछिमेकका साथमा मनाउने परम्परा रहेको छ। यो पर्व अरू समुदायले मनाउने न्वाँगी खाने वा नयाँ अन्न खाने भनी सम्बोधन गरिने चाडको रूपमा मात्र नभई चेपाङ समुदायको ऐतिहासिक, सामाजिक, सांस्कृतिक तथा धार्मिक प्रतीकको रूपमा विशेष महत्त्व रहेको तथ्यहरूबाट पुष्टि गर्दछ। छोनाम (न्वाँगी) को शुरूवातमा “केरा सुनाउने” (पान्दे र कूलपरिवारको सल्लाहमा तोकिएको तिथिमितिमा केराको घरी गवाउने र घैयाचामलको भातीजाँड राखी पान्देद्वारा फलाकेर सुनाउने कार्य) पछि प्रारम्भ हुने छोनाम (न्वाँगी) पर्व पितृ बुझाइ सकेपछिमात्र सम्पन्न भएको मानिन्छ। यो अनुष्ठान पाँच दिनसम्म चल्ने गर्दछ। यस अवधिमा चाड सम्पन्न गर्न निर्माण गरिएका विभिन्न परम्परागत रूपका स्थापना गरिएका सांस्कृतिक तथा प्रशासनिक इकाईहरूको महत्त्वपूर्ण भूमिका हुने गर्दछ । उक्त समयमा गरिने विधागत सांस्कृतिक कार्यहरू र त्यसमा प्रयुक्त बिम्ब वा प्रतीकको बेग्लै सांस्कृतिक महत्त्वका गतिविधि प्रदर्शन गरिएको हुन्छ। छोनाम (न्वाँगी) पर्वको दिन र रात अनि अनौपचारिक रूपमा स्थापना गरिएको समयका चरण (प्रहर) मा गरिने विधागत

सांस्कृतिक कार्यहरू, प्रतिस्थापित सांस्कृतिक प्रतीकहरूमा फलाक्दै पूज्ने गर्दछन् । यस अवसरमा मूल पान्देद्वारा नवपान्देहरूलाई विधागत संस्कार गर्ने विधिविधान तथा परम्पराको ज्ञान हस्तान्तरण र प्रदर्शन गर्ने गर्दछन् । यस प्रकारको सांस्कृतिक गतिविधिले यो समुदायमा परम्परागत मूल्यमान्यतामा आधारमा गरिने संस्कारहरूले समुदायको पहिचान गराएको देखिन्छ ।

छोनाम (न्वाँगी) पर्वले चेपाङहरूको उद्‌गम थलोको प्रकृतिको प्रतीक (पुकुन्थली र सुनाथली कूलपितृ रहन्छ भन्ने विश्वास गरिन्छ), पूर्खाको प्रतिबिम्ब (पान्दे र कुलको कुखुराको भाले), र मानव जीवन (जीवित परिवार) बिच पान्देद्वारा परिचित गराई यात्रा गराउने अवसरको रूपमा यो पर्व मनाउने विश्वास गर्दछन् । छोनाम (न्वाँगी) पर्व परम्परागत रूपमा निर्माणबादी सिद्धान्तको आधारमा स्थापित भई अभिछिन्न रूपमा मान्दै आएको समुदायको पहिचान बोकेको सांस्कृतिक संस्कार हो भन्ने सैद्वान्तिक दृष्टिकोण रहेको पाइन्छ । कूल परम्पराको आधारमा स्थानीय पान्दे, मूल पान्दे र कूलपरिवारका सदस्यहरूको अगुवाइमा हुने पर्वको सांस्कृतिक पक्षहरू, प्रयुक्त बिम्ब वा प्रतीकको महत्त्व तथा संस्कृति हस्तान्तरण र प्रदर्शनलाई प्रत्यक्ष अवलोकन, अन्तर्वार्ता तथा उपलब्ध तथ्यहरूको अन्वेषण, परिक्षण, छलफल गरिएको छ । पर्वको बारेमा उपलब्ध तथ्यहरूबाट विश्वसनीयताको आधारमा प्रयुक्त बिम्ब वा प्रतीकहरूको अर्थ र सैद्धान्तिक आधारलाई विश्लेषण गरी छोनाम (न्वाँगी) पर्व चेपाङ समुदायको सांस्कृतिक प्रतीक भएको पुष्टि गर्दछ । यसकारण यो पर्व नयाँ अन्नबाली पहिले पितृलाई चढाएर आफू खाने अरू जाति समृदायमा भएको प्रचलन भन्दा पृथक र सांस्कृतिक महत्त्व बोकेको चाडको रूपमा चेपाङ समुदायले मनाउने गरेको सत्यता प्रकाशमा ल्याउनु यस शोधको निष्कर्ष रहेको छ ।

छोनाम (न्वाँगी) पर्वको चित्रहरू



**चित्र नं. १ :** छोनाम (न्वाँगी) पर्वमा एकपाखे ढ्याङ्ग्रो फलाक्दै मूल पान्दे (झाँक्री), प्रेमबहादुर चेपाङ



**चित्र नं. २ :** छोनाम (न्वाँगी) पर्वमा प्रतीक स्वरूप चढाइएका सामाग्रीहरू: घैयाधान, भेटीचामल, गाभापिँडालु, केराको बोट तथा पात, निबुवा, बुकीफूल, बोधिचित्तमाला साथमा नवपान्दे



**चित्र नं. ३ :** छोनाम (न्वाँगी) पर्वको विशेष संस्कार : परिवारको संरक्षकको प्रतीक स्वरूप पालिएको कुखुराको भालेलाई कूलथानमा  बलि चढाउनु अघि घैयाधान र चामल खान दिंदै कूलपरिवारका जेष्ठ सदस्य



**चित्र नं. ४ :** छोनाम (न्वाँगी) पर्वमा कूलथानमा र नयाँ खाद्यवालि, भातीजाँड र कूलको भाले बलि चढाउँदै कूलपरिवारको जेष्ठ सदस्य



**चित्र नं. ५ :** छोनाम (न्वाँगी) पर्वमा प्रतीक स्वरूप चढाइएका सामाग्रीहरू : पित्र (मृतात्मा) लाई सामुहिक भोज गरउना तयारी गर्दै कूलपरिवारका जेष्ठ सदस्य श्री काजीमान चेपाङ



**चित्र नं. ६ :** छोनाम (न्वाँगी) पर्वमा प्रतीक स्वरूप चढाइएका सामाग्रीहरू: पित्र (मृतात्मा) लाई तान्त्रिक विधा गरी सामुहिक भोज गराउँदै कूलपरिवारको जेष्ठ सदस्य र पान्देहरू

## सन्दर्भ ग्रन्थसूची


### नेपाली

कोली, रस (२०७५), *चेपाङ-नेपाली-अंग्रेजी शब्दकोश,* आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ।

चेपाङ, आइतसिंह, प्रजा (चेपाङ), अजयकुमार र चेपाङ, कामसिंह (सम्पादन), (२०७६), *चेपाङ जीवनशैली ज्ञानकोश,* नेपाल चेपाङ संघ ।

ढुङ्गेल, राममणी (२०५१), *चेपाङ समुदाय र संस्कृति,* साझा प्रकाशन ।

पाण्डेय, मधुसुदन (२०६३), *नेपालका जनजातिहरू,* पैरवी प्रकाशन ।

प्रजा, अजयकुमार (२०७८), *चेपाङ समुदाय (सामाजिक, सांस्कृतिक एवं राजनीतिक विश्लेषण),* सर्मिला प्रजा (चेपाङ) ।

राई, उद्धव, चेपाङ, जितेन्द्र र चेपाङ दिल (२०६७), *चेपाङ जातिको चिनारी,* आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ।

राई, ठगिनकुमार (२०७५), *चेपाङ समुदायको वर्तमन अवस्था,* हिमाली राई ।

राष्ट्रिय जनगणना (२०७८), *राष्ट्रिय तथ्याङ्क कार्यालय,* तथ्याङ्क विभाग ।

नेपाल चेपाङ (प्रजां) संघको विधान (२०५५), त्रिपुरेश्वर ११, काठमाडौं, नेपाल ।

### अंग्रेजी

Gurung, G.M. (1995). *Report from chepang village (society, culture and ecology).* S. Gurung.

Geertz, C. (1973). *The interaction of cultures, chapter 15/deep play: Notes on the Balinese cockfight.* Basic books, Inc.

Geertz, C. (1973). *The Interpretation of Cultures.* New York: Basic Books, Inc.

Riboli, D. (2000). *Tunsuriban, Shamanism in Chepang of Southern and Central Nepal.* Mandala Books Points.

Turner, V. (1970). T*he Forest of Symbols: Aspects of Ndembu Ritual,* Cornell University Press.


### अन्तर्वार्ता

प्रेमबहादुर चेपाङ, (चेपाङ मूल पान्दे) गजुरी -४, धादिङ, वर्ष, ६९, ५ भाद्र वि.सं. २०८१

काजीमान चेपाङ, (कूलपरिवारको मूली) गजुरी -४, धादिङ, वर्ष, ७६, ४ भाद्र वि.सं. २०८१

कुष्णबहादुर चेपाङ, (चेपाङ सहायक पान्दे) गजुरी -४, धादिङ, वर्ष, ३७, ३ भाद्र वि.सं. २०८१

श्रीराम चेपाङ, (चेपाङ सहायक पान्दे) गजुरी -४, धादिङ, वर्ष, २९, ४ भाद्र वि.सं. २०८१

सानोकान्छा चेपाङ, (चेपाङ सहायक पान्दे) गजुरी -४, धादिङ, वर्ष, ६३, २ भाद्र वि.सं. २०८१

बरकान्छा चेपाङ, (चेपाङ पान्दे) गण्डकी गा.पा., गोरखा वर्ष, ४३, २२ भाद्र वि.सं. २०८१

डम्बरबहादुर चेपाङ, (पूर्व अध्यक्ष नेपाल चेपाङ संघ केन्द्रीय समिति) २५ भाद्र वि.सं २०८१

रबीन्द्र चेपाङ, (पूर्व कोषाध्यक्ष नेपाल चेपाङ संघ केन्द्रीय समिति), २८ भाद्र वि.सं २०८१